Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**आवश्यकता**

मुलुकी दैनिकलाई उदयपुर जिल्लाको सबै स्थानीयतहहरु त्रियुगा, चौदण्डीगढी, बेल्का, कटारी नगरपालिका तथा लिमचुङबुङ, रौतामाई, उदयपुरगढी र ताप्ली गाउँपालिकामा रहेर समाचार लेख्ने संवाददाता चाहिएकाले इच्छुकले सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८४२९८५१८८**

■ बर्ष-१६, ▸▸ अंक २९५ ▸▸ जेठ १ शनिबार ,२०७८, May - 15 saturday, 2021,यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com



***सामाजिक दुरीको खिल्लीः*** शनिबार बिहान उदयपुरको सदरमुकाम् गाईघाट स्थित तरकारी बजारमा मानिसहरुको भिड । स्थानियहरुले सामाजिक दुरी ख्याल नगर्दा संक्रमण सर्ने खतरा हुन्छ । *तस्बिर - बुद्धिकुमार राई।*

## २० वर्षदेखि बेपत्ता राई घर फर्के

❖ मुलुकी संवाद्दाता

झापा, वैशाख ३१

२० वर्षदेखि बेपत्ता झापाको बुद्धशान्ति गाउँपालिका १ देउरालीका पूर्णबहादुर राई र नरमाया राईका माइला छोरा राजन (राजु) घर फर्केका छन् । २०५८ सालदेखि बेपत्ता राई लाई परिवारले माया मारिसक्दा घर फर्केपछि गाउँ नै खुसी भएको छ ।

छोरो बाँचेको छ या मरिसक्यो भन्ने लागिरहेका बेला सामाजिक सञ्चालको माध्यमबाट राजन टुप्लुक्क घर आईपुगेपछि परिवार खुसी नहुने कुरै भएन । सामाजिक सञ्जालमार्फत सम्पर्कमा आएका उनी घर आईपुग्दा पुरै गाउँ खुसी भएको छ । मुम्बईको एक अस्पतालमा वेवारिसे अवस्थामा रहेका राजनको



बारेमा सामाजिक सञ्जालमा शेख अलि नैसेनले भिडियो अपलोड गरेका थिए ।

भिडियो भाइरल भएसँगै परिवारले थाहा पाएर सहयोग मागेपछि मुम्बईबाट घर ल्याउन विभिन्न व्यक्ति र संस्थाले सहयोग गरेको परिवारले जनाएको छ । हराएको छोरो घर आए पनि पक्षघात (प्यारालाइसिस) भएको परिवारले जनाएको छ । उनको उपचारका लागि परिवारले सहयोगको याचना गरेको छ ।

## फोहोर संकलनमा बजेट अभाव

❖ बुद्धिकुमार राई



*गाईघाट वैशाख ३१*

त्रियुगा नगरपालिकाका सरसफाईकर्मीलाई आवश्यक बजेट अभावमा सरसफाई सामग्रीको अभाव भएको छ। सामग्री किन्न बजेट कम हुँदा आवश्यक सरसफाईका सामग्री खरिद गर्न नसकिएपछि समस्या आएको छ ।

नगरपालिकले वार्षि ५० हजार बजेट सरसफाईका लागि छुटयाउँदै आएको जनाएको छ । त्यत्ति रकम अपुग हुँदा सरसफाई मजदुरलाई समयमा सरसफाई सामग्री दिन नसकिएको नगरपालिकाका सरसफाई विभागका सुपरभाइजर दिलिप श्रेष्ठले बताए ।

उनका अनुसार पहिलेको तुलनामा अहिले नगरपालिकाको जनसङ्ख्या बढेर धेरै भएको छ। दैनिक रुपमा बिभिन्न समस्याहरु आउँने गरे पनि वर्षेनी ५० हजार बजेटले पुर्याउन गाह्रो भईरहेको श्रेष्ठले बताए । बजेट कमीले नगरभित्र सरसफाई गर्ने कार्यमा प्रभाव पर्ने गरेको उनले बताए ।

*-बाँकी ३ पेजमा*



Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पन्जा .....

एकसाता अघिसम्म बजारमा सफासफाई गर्ने मजदुरलाई पन्जा, जुत्ता दिइएको थिएन , जसले गर्दा सरसफाई मजदुरहरु खाली हातले सरसफाई गर्न बाध्य थिए । यसबारे मुलुकीले पटक पटक समाचार र फोटो प्रकाशन गरेपछि हाल नगरपालिकाले पञ्जा र जुत्ता व्यवस्था गरिदिएको छ । समाचारको प्रभावस्वरुप वैशाख २६ गते सरसफाईकर्मीलाई पञ्जा र जुत्ता दिइएको हो ।

अहिले नगरपालिकामा १४ जना सरसफाईकर्मी कार्यरत छन् । अम्बरबहादुर सार्की, भालुमान दनुवार, भीमबहादुर तामाङ, विष्णु तामाङ, एकेन्द्र, भिमबहादुर ढुङगेल, राजकुमार डोम, सिकिन्दर डोम, डिल्लीकुमार डोम, हिराकमारी सुरेन डोम, राजेश मरिक, जसोदा मल्लिक, उर्मिला मल्लिक र हिराकुमारीमलकि रहेका छन् । तिन महिलाले भने नगरपालिका बित्र नै कामर्छद । अहिले १२ जनाले नै सरसफाईकर्मीलेहरुले पन्जा पाएका छन्।एउटा सामान्य पन्जाको मुल्य ३ सय ५० भन्दा बढि पर्दछ। त्यस्तै जुत्ताको मुल्य पनि बढोको छ।५० हजार बजेटले सबै सफाईको सामाग्री किन्नुपर्ने हुन्छ ।




# काठ फिर्ता गरिएको सूचना

श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७४।७५ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. मितिः २०७७४।२९ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिलः*

| सि.नं. | लट नं | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | ३७ | ३२०.१९ | आ.व. २०७५।७६ को लट |

डिभिजन वन कार्यालय गाईघाट
उदयपुर

# डिभिजन वन कार्यालय
## गाईघाट, उदयपुर

"रुख बिरुवा रोपौं, वन जोगाऔं,
हरियाली बचाऔं,
जलवायु परिवर्तन हुनबाट रोकेर
सम्पूर्ण मानव सभ्यताको
रक्षा गरौं ।"

**फडिन्द्र पोखरेल**
डिभिजन वन अधिकृत

## सार्वजनिक हितका लागि
## लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

**समयमै कर तिरौं,**
**असल नागरिकको परिचय दिऔं ।**

- आफूले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको परिचय प्रस्तुत गरौं ।
- बिना इजाजत गैरकानूनी पदार्थको बिक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्धविच्छेद) जस्ता व्यक्तिगत घटना दर्ताहरु सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

## लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# उदयपुरमा एकै दिन ५० संक्रमित

❖ मुलुकी संवाददाता

*उदयपुर, वैशाख ३१*

उदयपुरमा हालसम्मकै बढी एकैदिन ५० जनामा कोविड संक्रमित थपिएका छन् । जिल्ला अस्पताल, उदयपुर कोविड अस्पताललगायत बिभिन्न स्वास्थ्य संस्थामा एन्टीजेन परीक्षण गर्दा २१ महिलासहित ५० जना नयाँ संक्रमित भेटिएका हुन् ।

शुक्रबार ५० जना संक्रमति फेला परेको जनाएको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख मोहन सुवेदीले बताए । उनका अनुसार शुक्रबार परीक्षण गरेको रिपोर्ट मंगलबार मात्र आउने भएकाले यो संख्या बिहीबारसम्मको मात्र हो । बिहीबारसम्म सक्रिय



संक्रमित संख्या ३ सय ६१ हो । नयाँ संक्रमित त्रियुगा नगरपालिकामा सबभन्दा बढी ९ महिलासहित २१ जना छन् ।

त्यस्तै चौदण्डीगढीमा ३ महिलासहित ११, लिमचुङबुङ गाउँपालिकामा ४ महिलासहित ७ जना, बेलकामा २ महिलासहित ५ , रौतामाईमा ४ पुरुष संत्रमित भेटिएको स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलले बताए । शुक्रबार देखिएका संक्रमतिको संख्या भने शनिबार मात्र अद्यावधि हुने भएकाले यो बिबरणमा संलग्न गरिएको छैन ।

उदयपुरमा संक्रमितमध्ये हालसम्म १३ जना निको भएर घर फर्केका छन् । उदयपुर कोविड अस्पतालबाट ९ जना निको भएर शुक्रबार डिस्चार्ज भएका छन् भने यसअघि ४ जना निको भएका थिए । संक्रमितमध्ये हालसम्म ७ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

दिनहुँ कोविड संक्रमित बढ्दै गएपछि बढीभन्दा बढी संभावित विरामीको उपचार गर्ने उदेश्यले उदयपुरमा अक्सिजनसहितको उपचार गर्न आईसोलेसन शैया (बेड) संख्या थप्ने तयारी भईरहेको छ । दैनिक दर्जनौं संक्रमित भेटिन थालेपछि सदरमुकाममा ४० बेडको आईसोलेसन सेन्टर स्थापना गर्ने तयारी भएको हो ।


## शनिबार गाईघाटमा बजारमा तरकारीको मूल्य

प्रति केजी)

| | | | |
|---|---|---|---|
| १, लटटे साग | रु ४० | १३, फर्सि | रु ३० |
| २, अदुवा | रु १२० | १४, कटहर | रु ६० |
| ३, टमाटर | रु ३० | १५, काका | रु ३० |
| ४, बन्दा | रु ४० | १६, धनियाँ | रु १०० |
| ५, भेन्टा | रु ४० | १७, लोकलबोडि | रु ६० |
| ६, खुर्सानी | रु १२० | १८, खर्बुजा | रु ४० |
| ७, मुला | रु ४० | १९, रायो साग | रु ८० |
| ८, पर्बल | रु ८० | २०, प्याज नयाँ | रु ४० |
| ९, तितेकरेला | रु ६० | २१, प्याज पुरानो | रु ५० |
| १०, भिन्डी | रु ६० | २२, आलु सेतो | रु ३० |
| ११, च्याउ | रु २०० | २३, आलु रातो | रु ४० |
| १२, फुलकोबी | रु १०० | | |

***नोट:** तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ ।*






Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# ऐतिहासिक नेपाल सुपर लिगको फाइनल आज

❖ बिबेक राई

*गाईघाट, बैशाख ३१*

नेपाली फुटबलको इतिहाँसमै पहिलो पटक आयोजना गरिएको फ्रेन्चाइज फुटबल लिग खुकुरी सुपर लिगको फाइनल खेल आजहुँदैछ ।

काठमाडौँको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा साँझ ५:३० मा काठमाडौँ रेजर्स एफसीले धनगढि एफसीसँग फाइनल प्रतिस्पर्धा गर्नेछ । धनगढिले पहिलो क्वालिफायर खेलमा काठमाडौँलाई हराउँदै फाइनल आइपुगेको हो । काठमाडौँ पराजित भएपनि थप एक मौका पाएको थियो । उक्त मौकामा ललितपुरलाई हराउँदै काठमाडौँ पनि फाइनल आइपुगेको हो ।

नेपाली फुटबलमा यस्तो खालको लिग वा प्रतियोगिता पहिले कहिल्यै भएको थिएन । पहिलो पटक त्यसमाथि नयाँ फर्माटमा प्रतिस्पर्धा गराइएको हुनाले पनि यसलाई ऐतिहाँसिक सुपर लिग भनिएको हो । अब फेरि यस खालको प्रतियोगिता वायहि फर्माटमा खेल होला नहोला तर यस खालको प्रतियोगिताले नेपाली फुटबलमा पक्कै योगदान पुऱ्याउनेछ । त्यसै नेपाली फुटबलमा कुनैपनि प्रतियोगिताले नियमित निरन्तरता पाउँदैन र निरन्तरता पाइहाले पनि सहि समय मा हुने गरेको छैन ।

त्यस माथि वर्तमान समयमा कोरोनाले विश्वभर धेरै क्षेत्रलाई प्रभावित पारेको बेला नेपाली फुटबल अछुतो रहने कुरा भएन । यस्तो कठिन समयमा पनि आयोजक टोली अगाडी बढेर यस सुपर लिगको आयोजना गरे । त्यस माथि अवस्था जटिल भएको भन्दै नेपालको सरकारले आवश्यक अनुसार ठाउँ - ठाउँमा निषेधाज्ञा गरे । आयोजकले बिना दर्शक भएपनि खेल सञ्चालन गरिरह्यो । बरु घाटामा गएरपनि आयोजकले अन्ततः निर्धारित समयमा नै प्रतियोगिता सञ्चालन गरायो । दर्शकले रंगशालामा नै गएर हेर्न नपाए पनि एपिवान एचडि च्यानलमार्फत टिभि र युटयुबमा प्रतियोगिताको मजा लिन पाए ।

नेपालकै धनि चौधरी ग्रुपको स्वामित्वमा रहेको नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्टले यस प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताको विजेताले ३५ लाख र उपविजेताले १५ लाख पाउनेछ । आयोजकले शुक्रबार नै यस सुपर लिगको ट्रफी दशरथ रंगशालामा प्रर्दशन गरिसकेको छ । शनिबार ट्रफी काठमाडौँ वा धनगढि जसले उचाले पनि एक ऐतिहाँसिक क्षण हुनेछ । प्रतियोगितामा बिराटनगर, चितवन, ललितपुर, पोखरा र बुटवलले समेत भाग लिएका थिए । सुरुमा सिंगल राउण्ड रोबिन अनुसार र पछि शीर्ष चारको प्लेअफ खेल हुँदै फाइनल सम्मको यात्रा गरेको धनगढि र काठमाडौँको यात्रा यस्तो रह्यो ।

**धनगढि एफसी :**

क्लबको जर्सीमा किया नेपालको साथपाएको धनगढिले प्रशिक्षक मा युगलकिशोर राई र प्रमुख सल्लाहकारमा विदेशी प्रशिक्षक आयोडे जीतो पे फुजालाई नियुक्ति गरेको थियो । उनी नाइजेरियाका भए पनि नेपाली फुटबलसँग नजिक छन् । उनले यसअघि नेपाली फुटबलमा मनाङ मर्स्याङ्दी क्लबका प्रशिक्षकको जिम्मेवारी सम्हालेका थिए । राष्ट्रि टोलीका भरपर्दा मिडफिल्डर बिशाल राई बीलाई मार्की प्लेयरका रुपमा भित्राएको क्लबले अन्तिम समयमा नेपालकै नम्बर एक गोलरक्षक तथा वर्तमान राष्ट्रिय टोलीका कप्तान किरण लिम्बूलाई आइकनिक प्लेयरको रुपमा ल्याएको थियो ।

तीनविदेशी खेलाडी राख्न पाउने नियममा एउटा कोटा कटौती गरेर आइकनिक प्लेयर किरणलाई धनगढिले ल्याएको थियो । नभन्दै किरणको कप्तानीमा समुह चरण पार गर्दै शीर्ष चार हुँदै टोली फाइनल सम्म आइपुगेको छ । तर, धनगढिले बिराटनगरसँग ३-० ले स्तब्ध हुँदै प्रतियोगिताको सुरुवात गरेको थियो । हारबाट सुरु गरेको धनगढिले समुह चरणको अन्तिम खेल पनि हारबाट नै टुंगाएको थियो । तर बीचमा धनगढिले यति राम्रो प्रदर्शन गऱ्यो कि एक खेलअगाडि नै शीर्ष चार पक्का गर्ने पहिलो टोली बन्यो । पहिलो खेलमा बिराटनगरसँग ३ -० ले हारेपछि धनगढिले लगत्तै दोस्रो खेलमा काठमाडौँलाई ३ -० ले हराएको थियो ।

समुह चरणको आफ्नो तेस्रो खेलमा ललितपुरसँग १ - १ को बराबरी खेलेपनि चौथो खेलमा चितवनलाई ३ - ० ले नै हराउन सफल भयो । पाँचौं खेलमा पोखरालाई मुस्किलले १-० ले पराजित गर्नसाथ धनगढिले शीर्ष चार पक्का गरेको थियो । एक खेल अगावै शीर्ष चार पक्का गर्ने धनगढि पहिलो टोलीथियो । समुह चरणको छैटौ तथा अन्तिम खेल हारेपनि टोलीलाई कुनै फरक पर्ने थिएन । नभन्दै बुटवललाई १-० को नतिजा सुम्पिएको थियो । जसले गर्दा बुटवल पनिअन्तिम खेलमा आएर शीर्ष चारमा पुग्न सफल भएको थियो ।

शीर्ष चारमा पुग्ने पहिलो टोली बने पनि धनगढिले शीर्ष स्थान भने हाँसिल गर्न सकेको थिएन । पछि आएर काठमाडौले शीर्षस्थान ओगटेको थियो । पहिलो, दोस्रो जे भएपनि धनगढिलाई केहि फरक पर्ने थिएनी कनकिशीर्ष चारभित्रको पहिलो र दोस्रो हुने टोलीले क्वालिफायर खेल्नुपर्ने नियम थियो । जसमा विजयी हुँदै धनगढि सोझै फाइनल पुग्यो भने काठमाडौँले हार्नुका बावजुद थप एक मौका पाउने नियम थियो । उक्त नियम अनुसार तेस्रो स्थानको ललितपुर र चौथो स्थानको बुटवल बीचको विजेतासँग प्रतिस्पर्धा गर्ने थियो । विजयी भएको ललितपुरलाई ३ -० ले हराउँदै काठमाडौँ पनि फाइनल आइपुगेको हो ।

काठमाडौँ रेजर्स एफसी

यामाहा नेपालको स्वामित्व रहेको काठमाडौँले प्रशिक्षकमा बालगोपाल महर्जनलाई भित्राउँदा धेरैले राष्ट्रिय टोलीका प्रशिक्षक रहिरहेको बेला फ्रेन्चाइज लिगको प्रशिक्षकको जिम्मेवारी दिनु नमिल्ने तर्क गरेका थिए । जे भए पनि उनले प्रशिक्षकको जिम्मेवारी लिए र क्लबलाई फाइनलसम्म पुऱ्याउन सफल भए । क्लब कींप्लेयरको रुपमा भित्राउँदै गोलरक्षक तथा कप्तानीको जिम्मेवारी दिएको थियो ।

सञ्जोक राई, सुदिल ामरुनका स्टेफेन बिनोड, फ्लोरेन्ट कोअरा र मेसुके ओलुमु टोलीका भरपर्दा खेलाडी हुन् । मेसुके सात गोल सहित शीर्ष गोलकर्ताको सुचिमा पहिलो स्थानमा छन् । चार गोल गरेका धनगढिका ओलावाले अफिज र बिराटनगरका पेड्रो माञ्जी दोस्रो स्थानमा छन् । बिराटनगर बाहिरि सकेको अवस्थामा फाइनल खेलमा धनगढिका अफिज र काठमाडौँका मेसुकेबीचको प्रतिस्पर्धा रोमाञ्चक हुने आशा गर्न सकिन्छ ।

काठमाडौँको फाइनल सम्मको यात्राको कुरा गर्नुपर्दा उद्घाटनका दिनमै ललितपुरलाई १ - ० ले हराएर लिगको सुरुवात गरेको थियो । समुह चरणको आफ्नो दोस्रो खेलमा धनगढिसँग बुटवललाई १- ० ले हराएपछि पाँचौ खेलमादुई गोलले पछि परे पनि एक खेल अगावै शीर्ष चार पक्का गर्न सफलभएको थियो । त्यसपछि समुह चरणको आफ्नो अन्तिम खेलमा चितवनलाई २-१ ले हराउँदै काठमाडौँ समुह चरणको अन्त्य पनि जीतबाट नै गर्न सफलभयो । पहिलो स्थान ओगट्दै शीर्ष चारमा पुगेपनि काठमाडौँले सोझै फाइनल यात्रा भने गर्नु सकेन । उसले थप एक मौकाको सदुपयोग गर्दै फाइनल पुगेको हो ।

तर समुह चरण र शीर्ष चार गरि दुवै भेटमा धनगढि नै हाबि भएको हुनाले फाइनलमा पनि धनगढिको जीत्ने सम्भावना देखिन्छ । फुटबलमा यसै भन्न सकिन्न । काठमाडौँ यसअघिको दुई हारको बदला लिन चाहान्छ । त्यसैले पनि फाइनल अझ रोमाञ्चक हुने आश गर्न सकिन्छ ।





त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिडदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटर:–थमान चामलिङ राई
सम्पर्क:– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहाँ अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्री गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



पाण्डे श्री सप्लायर्स & ट्रेडर्स
त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिडदेखि पुर्व काका होटलसँगै जोडिएको ।
प्रोपाइटर:–बिनोदकुमार पाण्डे
सम्पर्क:– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*


माझखर्क साप्ताहिकको सह प्रकाशन.. मुलुकी दैनिक
प्रकाशक/संस्थापक संपादक: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोन:– ०३५-४२०३६४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट